सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #१५
साउन, २०७५

सिटिजन हेल्पडेस्क बुलेटिनको पन्ध्रौ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', विभिन्न जिल्लाहरूमा समुदायलाई सही सूचना प्रवाह गरि उनीहरूको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउँदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## सवाल

**पनौति, काभ्रेपलाञ्चोक**

"दुइ तीन महिनाका शिशु छोडेर महिलाहरू वैदेशिक रोजगारीमा गएको सुनिन्छ। यस सम्बन्धी सरकारी प्रावधान के छ ?"



**बलेफी, सिन्धुपाल्चोक**

"शिशुलाई स्तनपान गराईरहेका तथा गर्भवति महिलाहरूलाई वैदेशिक रोजगारीका लागि खाडीमुलुकमा जान सरकारले रोक लगाउछ रे, के यो साँचो हो ?"

## जवाफ

शिशुलाई स्तनपान गराईरहेका महिलालाई वैदेशिक रोजगारीमा जानबाट रोक्ने उदेश्यले सरकारले आज सम्म कुनै कानुन बनाएको छैन।

गर्भवति महिलाको सन्दर्भमा भने, वैदेशिक रोजगारीमा जानुपूर्व सम्बन्धित कामदारले स्वास्थ्य परीक्षण गर्नुपर्ने भएकोले, रिपोर्टमा महिला गर्भवति भएको देखिएमा श्रम स्वीकृति दिन नमिल्ने प्रावधान छ।

सामान्यतया, कामदारले वैदेशिक रोजगारीको लागि प्रकृया थाल्दा निम्न उल्लेखित कागजात बाहेक उसको पारिवारिक तथा व्यक्तिगत विवरणको जानकारी लिने कुनै प्रावधान छैन।

- राहदानी
- मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गरेको प्रमाणपत्र
- बिमा गरेको कागजपत्र
- कामदार र कम्पनी बिचको रोजगार सम्झौता पत्र
- नेपाल सरकार वैदेशिक रोजगार विभागबाट अभिमुखिकरण तालिम लिएको प्रमाणपत्र
- कामसंग सम्बन्धित शिप सिकेको भए सो को प्रमाणपत्र पेश गरे पुग्छ।

मोहन अधिकारी
उप-सचिव
वैदेशिक रोजगार प्रवर्धन बोर्ड
काठमाण्डौ
००९७७-९८५११५५११०

# प्रश्न

**बिदुर नुवाकोट**

“साहुकोमा बिहान ८ बजे देखी साँझ ५ बजेसम्म काम गरीरहेकाछौँ । गाउँमै दैनिक ज्यालादारीमा काम गर्ने हामीजस्ताको लागि सरकारले कुनै नियम बनाएको छैन?”



**पाँचखाल, काभ्रेपलाञ्चोक**

“दैनिक ज्यालादारीमा काम गर्ने महिलाहरू, विशेष गरी गर्भवती र शिशुलाई स्तनपान गराउनुपर्ने महिलाको लागि कुनै विशेष प्रावधान छैन ?”

# जवाफ

श्रम ऐन २०७४ को दफा २८ को उपदफा (१) मा रोजगारदाताले श्रमिकलाई प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालीस घण्टाभन्दा बढि समय हुने गरी काममा लगाउन पाइने छैन भनेर उल्लेख गरीएको छ।

तर, तीन वर्ष उमेर ननाघेको शिशु भएका महिला श्रमिकको हकमा शिशुलाई स्तनपान तथा हेरचाहको लागि र गर्भवती महिला श्रमीकलाई ऐनको दफा २८ को उपदफा (२) बमोजिमको विश्रामको समय बाहेक एकै पटक वा पटक पटक गरी थप आधा घण्टा विश्रामको समय दिनु पर्नेछ। त्यसरी प्रदान गरीएको थप विश्रामको समयलाई काम गर्ने समयमा गणना गरीनेछ।

श्रम ऐन २०७४ को दफा २८ को उपदफा (२): श्रमिकलाई लगातार पाँच घण्टा काम गरेपछि आधा घण्टा विश्रामको समय दिनु पर्नेछ ।

| स्रोत | श्रम ऐन, २०७४ |
|---|---|

# प्रश्न

**ज्वालामुखी, धादिङ**

"सिंहदरबार गाउँमै पुग्यो भन्छन्, अब गाउँमा चौतर्फि विकास हुन्छ पनि भन्छन् । हामीलाई त केही पनि थाहा छैन । कसले बनाउछ योजना ? कसले गर्छ विकास ?"



**धुलीखेल, काभ्रेपलाञ्चोक**

"बजेट भाषण भयो । फलानो गाउँपालिकालाई यति, फलानो नगरपालिकालाई उति बजेट छुट्यायो भन्छन् । हाम्रो ठाउँको वजेट कस्ले छुट्याउने हो ?"

# उत्तर

स्थानीय स्तरमा गाउँपालिका वा नगरपालिकाले आफ्नो वार्षिक विकास योजना तर्जुमा गर्दा निम्न बमोजिमको छुट्टाछुट्टै सात चरण पुरा गर्नुपर्ने हुन्छ ।

१. वजेटको पूर्व तयारी
२. स्रोत अनुमान तथा वजेट सीमा निर्धारण
३. बस्ती तहका योजना छनौट
४.वडा तहमा योजनाको छनौट तथा प्राथमिकीकरण
५. वजेट तथा कार्यक्रम तर्जुमा
६. गाउँ वा नगर कार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्वीकृति
७. गाउँ वा नगर सभाबाट वजेट तथा कार्यक्रम स्वीकृति

वस्तीतहका योजना छनौट गर्दा सो वस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लीम, उत्पीडित बर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङगता भएका व्यक्ति, पिछडिएको वर्ग आदि)को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेछ ।

सबैको सहभागीतामा आवश्यकता पहिचान गरी प्राथमिकताको आधारमा योजनाको छनोट गर्नुपर्दछ । सो योजनाकै आधारमा बजेट छुट्याई कार्यान्वयन गर्नुपर्दछ ।

| स्रोत | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ |
|---|---|





# शमसेर तामाङ

## बलेफि, सिन्धुपाल्चोक

सामान्य रोजिरोटिकोलागि वैदेशिक रोजगारीमा खाडीका मुलुकमा जानु सामान्य हो । आजभोलि गाउँघर तिर घरैपिच्छे जस्तो व्यक्तिहरू वैदेशिक रोजगारीमा रहेको सुन्नमा आउँछ । बलेफि गाउँपालिका -५ माथिल्लो तामाङटोलका स्थानीय निमादोर्जि  तामाङको परिवारका तिनजना सदस्य वैदेशिक रोजगारीको शिलशिलामा छुट्टाछुट्टै देशमा गए । उनकी पत्नी कुवेतमा घरेलु कामदारको रुपमा काममा गएकी हुन् भने, छोरा मलेसियामा निर्माण कम्पनीमा कामदारकोरुपमा गए । निमादोर्जिलाई उनकी पत्नि र छोराले सम्झौतामा उल्लेख गरे अनुसारको काम पाएका छैनन् भन्ने राम्ररी थाहा छ । तर, उनिसंग कसैको पनि कागजपत्र छैन ।

निमादोर्जिका भाइ शमसेर तामाङ पनि ६ वर्ष अगाडी दुई लाख खर्च गरेर वैदेशिक रोजगारीमा गएका थिए । एक वर्षसम्म उनि परिवारको सम्पर्कमा नै थिए । त्यस पछि भने उनि परिवारबाट पूर्णरूपमा सम्पर्क बिहिन् रहेकाछन् । थुप्रै पटक उनले भाईको खोजिगर्न आफन्तलाई पनि गुहारे । वैदेशिक रोजगारीकै शिलशिलामा मलेसियामा काम गरीरहेका गाउँका साथिभाईहरूसंग पनि सम्पर्क गरे । तर, कतै पत्ता लागेन । हाल निमादोर्जिसंग उनका भाईको एउटा धमिलो फोटो बाहेक कुनै कागजात छैन, जसले गर्दा उनलाई भाइको खोजी गर्न गाह्रो भईरहेको छ ।

सिटिजन हेल्पडेस्कका सिएफए नानिराम नेपालले बलेफि गाउँपालिकामा सामुदायिक छलफल आयोजना गर्दा निमादोर्जिले समुदायलाई अनुरोध गरे, "धन कमाउन गएको मेरो भाई बेपत्ता छ । आफुसंग कागजात नहुँदा उद्दारको लागि बिभिन्न संघसंस्था धाउँदा पनि खोजि गर्न सकिएन । म सबैलाई भन्न चाहन्छु, यदि तपाईको परिवारको सदस्य वा आफन्त वैदेशिक रोजगारीमा जाँदै हुनुहुन्छ भने, एक प्रति कागजात घरमै छोडेर जानुहोस । त्यसो भयो भने मैले जसरी दुःख पाउनुहुने छैन । वैदेशिक रोजगारीमा जाँदा एक प्रति कागजात सुरक्षित रुपमा परिवारका सदस्यलाई छोडेर जानुपर्छ भन्ने कुराको सामान्य जानकारी नहुँदा मैले ५ वर्षदेखी सम्पर्क विहिन आफ्नो भाईको खोजि गर्न सकिरहेको छैन । "

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- ११७ वटा म्यानपावर कम्पनी कालोसूचीमा (Link)
- वैदेशिक राजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५ (Link)
- वैदेशिक रोजगारीमा गएका कामदारका परिवारलेस्वास्थ्य उपचार सहयोगको लागि दिने निवेदन (Link)

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरू, जिल्लामा रहेर काम गरीरहेका CFA हरूले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, सञ्चार माध्यमहरू र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरीएका सामाग्री हुन् । २०७५ जेष्ठ १८ गतेदेखि २०७५ श्रावण १छ गतेसम्म ४ जिल्लाका करिव ११४३ जना स्थानीयवासीसँग कुराकानी गरि तयार पारिएका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Accountability Lab द्वारा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन ।**